# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७९/०८०

प्रदेश नं. १, नेपाल

## करार सेवामा कृषि स्नातक प्राविधिक कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०४/३१)**

चिशंखुगढी गाउँपालिकाको कार्यालयको लागि आ.व. २०७९/०८० को बजेटमा कृषि स्नातकको लागि बजेटको व्यवस्था भएको र कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जारी गरेको स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ तथा चिशंखुगढी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम यस कार्यालयको लागि तपसिलका पदमा कर्मचारी आवश्यक परेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (कार्यालय समय) भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै यस कार्यालयको ईमेल ठेगाना ito.chishankhugadhimun@gmail.com | chishankhugadhi@gmail.com मार्फत पनि आवेदन पेश गर्न सकिने तथा दरखास्त फाराम, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरुको विस्तृत विवरण कार्यालयबाट वा वेबसाईट www.chishankugadhimun.gov.np बाट उपलब्ध हुने व्यहोरा सादर अनुरोध छ ।

**तपसिल**

| क्र. सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | शैक्षिक योग्यता | दस्तुर (रु.) | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | ०२/०७९/८० | कृषि स्नातक प्राविधिक | अधिकृत छैठौं | १ (एक) | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उतिर्ण गरेको। | १०००/- | |

**१. सेवा किसिमः** अस्थायी (करार सेवा) ।

**२. शर्तः** नेपाली नागरिक भएको तथा प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको हुनु पर्नेछ ।

**३. दरखास्तको साथ पेश गर्नु पर्ने कागजातहरु :-**

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(ग) ३ (तीन) प्रति पासपोर्ट साइजको फोटो,

(घ) कार्य अनुभव भए समयावधि खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनु पर्नेछ ।

**४. उमेरको हद :-** दरखास्त दिने अन्तिम मिति सम्ममा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

**५. तलब तथा करार अवधिः** स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९ बमोजिम ।

**६. परीक्षा दस्तुर बुझाउने प्रक्रिया :-** चिशंखुगढी गाउँपालिकाको कुमारी बैंक लिमिटेड आन्तरिक राजश्व खाता नं. ०९२००४८६२५४००००३ मा जम्मा गरी सक्कलै भौचर पेश गर्न सकिनेछ वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गर्न सकिनेछ । (Account Name: **CHISANKHUGADI GAUPALIKA-ANTARIK RAJASHWO KHATA GA 1.1** )

**७. दरखास्त फाराम बुझाउने स्थानः** चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय, सेर्ना ओखलढुंगा अथवा E-Mail मार्फत पनि फाराम भरी आवश्यक कागजात PDF बनाई आवेदन साथ ईमेल मार्फत दरखास्त पेश गर्न सकिनेछ ।

**८. परीक्षाको किसिम :-** आवश्यकता अनुसार ।

**९. परीक्षा सम्बन्धी जानकारीः** पछि प्रकाशन गरिनेछ ।

१०. आवेदन स्वीकृत / अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ ।

०७९/०४/३१

लोकमणि घिमाल
प्रमुख प्रशासकीय अधिकृत

***द्रष्टव्यः- थप जानकारीका लागि चिशंखुगढी गाउँ कार्यपालिका कार्यालयको फोन नं. ९८६२१३२७१२ / ९७४६२१४५५६ मा सम्पर्क गर्न सकिनेछ । साथै दरखास्त फारम गाउँपालिकाको website: www.chishankhugadhimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।***